www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा
२०७३

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं. १६३३

मितिः२०७७।०२।०८

विषयः योजनाको भुक्तानी सम्बन्धमा।

श्री वडा कार्यालय सबै,
शहिद लखन गाउँपालिका, गोरखा।

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७६।०७७ को स्वीकृत योजना कार्यक्रमहरु कार्यान्वयन भई भुक्तानीको प्रक्रियामा रहेको अवगत नै छ । नोबेल कोरोना भाइरस (कोभिड-१९) को कारण सिर्जना भएको विषम परिस्थितिमा हाल कार्यान्वयन भई कार्य सम्पन्न भएका योजनाहरुको भुक्तानी प्रक्रियालाई सरल र सहज बनाई कोरोना भाइरसको सम्भावित जोखिम न्यूनिकरण गर्न आफ्नो वडा भित्र उपभोक्ता समिति मार्फत् कार्यान्वयन भई अन्तिम भुक्तानि गर्नु पर्ने योजनाहरुको वडा कार्यालयबाट सम्पूर्ण कागजातहरु संकलन गरी गाउँपालिकामा हरेक हप्ताको तपाशिलको दिनमा उपलब्ध गराउने व्यवस्था गर्नु हुन अनुरोध छ।

तपशिलः

| क्र.सं. | बार | वडाहरु | कैफियत |
|---|---|---|---|
| १ | आइतबार | वडा नं. १, २ र ३ बक्राङ्ग र मनकामना | |
| २ | मंगलबार | वडा नं. ४, ५ र ६ ताक्लुङ्ग र घैरुङ्ग | |
| ३ | बिहिबार | वडा नं. ७, ८ र ९ बुंकोट र नामजुङ्ग | |

आवश्यक कागजातहरुः

१. अन्तिम बिल भुक्तानी सम्बन्धमा उपभोक्ता समितिको निर्णय,

२. सम्बन्धित स्थानीय अनुगमन समितिको निर्णय,

३. सम्बन्धित योजना कार्यक्रमको बिल भरपाई
   - २० हजार भन्दा धेरै रकमको विल भएमा भ्याट बिल अनिवार्य हुनु पर्ने छ।

४. ५ लाख भन्दा माथिको योजनाको हकमा सम्बन्धित आयोजनाको सबै विवरण खुल्ने गरी निर्माण स्थलमा राखिएको होडिङ बोर्डको फोटो,

५. प्राविधिक मूल्याङ्कन प्रतिवेदन,

६. २ लाख भन्दा माथिका योजनाको हकमा सार्वजनिक सुनुवाइ गरिएको माइन्युटको प्रतिलिपि,

७. जिन्सी सामग्री खरिद कार्य गरेको अवस्थामा जिन्सी रजिष्टर किताबको प्रतिलिपि र जिन्सी दाखिला प्रतिवेदन,

२०७७।०२।०८

प्रमुख प्रशासकीय अधिकृत,

www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चैरुङ्, गोरखा
२०७३

गण्डकी प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं.

८. सम्पन्न आयोजना तथा कार्यक्रमको फोटो,
९. वडा र गाउँपालिका स्तरिय अनुगमन समितिको प्रतिवेदन
१०. सम्बन्धित वडा कार्यालयको सिफारिस,
११. उपभोक्ता समितिले डोजर प्रयोग गरेको अवस्थामा
- डोजर धनी र उपभोक्ता समितिको अध्यक्ष बीच सम्झौता पत्र,
- डोजर संचालन भएको व्यवसायीको कर चुक्ता प्रमाण पत्र,
- डोजर संचालनको दैनिक लक बुक
१२. सम्बन्धित योजनाको नामको छाप,
१३. योजनाको भुक्तानि पाउँ भनी सम्बन्धित उपभोक्ता समितिको अध्यक्षको निवेदन।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीका लागिः**
लेखा अधिकृत सन्तोष लामिछाने (९८४९८५६२२२)
ना.सु. सानुकाजी बस्नेत (९८४६०७५३६५)
लेखापाल प्रमेश्वर सुवेदी (९८४०९२०९९२)
अधिकृत छैटौं (कृषि विकास) ऋषि रोका (९८४६२५५८८५)
अधिकृत छैटौं (पशु सेवा) ऋषिराम मरहट्टा (९८४६०७४८६८)